संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १४ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय श्री प्रभु साह र माननीय श्री चन्द्र बहादुर विश्वकर्माले ह्र्यापह्र्याप गरी समय माग गर्नु भएपश्चात्को आकस्मिक समयमा रौतहट जिल्लामा पछिल्लो हप्ता भएका हत्या आतङ्कले त्रासको स्थिती उत्पन्न भएकोले अपराधीलाई कानूनको दायरमा ल्याउनु पर्ने, जेठ ११ गते रुकुम पश्चिममा भएका जीप दुर्घटनामा पाँचजनाको मृत्यु भएको र दशजना घाइते भएकोले सरकारले मृतक परिवारलाई राहत उपलब्ध गराउनुको साथै घाइतेहरुको निःशूल्क उपचार हुनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतलाई "आर्थिक सर्वेक्षण २०७९/८०" र "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८०" पेश गर्न समय दिनुहुँदा केहि माननीय सदस्यहरुले आ-आफ्नो आशन अगाडी उभिएर बोल्न समय माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्रीलाई समय दिइसकिएकोले निर्धारित कार्यसूचीको कार्यक्रमलाई अगाडि बढाउन आ-आफ्नो आशन ग्रहण गरी सहयोग गर्न अनुरोध गर्नु भएपछि उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "आर्थिक सर्वेक्षण २०७९/८०" र "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८०" पेश गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका निम्नलिखित माननीय सदस्यहरु रहने गरी मनोनयन गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाको बहुमतबाट स्वीकृत भयो ।

१. मा० श्री ईश्वरी घर्ती
२. मा० श्री ईश्वरी देवी न्यौपाने
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री जीवन परियार
५. मा० श्री डोल प्रसाद अर्याल
६. मा० श्री पदम गिरी
७. मा० श्री पशुपति शमशेर ज.ब.रा.
८. मा० श्री प्रकाश अधिकारी
९. मा० श्री महेश कुमार वर्तौला
१०. मा० श्री रमेश लेखक
११. मा० श्री लिलानाथ श्रेष्ठ
१२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १५ गते सोमबार बेलुका ६:०० बजे बस्नेगरी बैठक दिनको २:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव